पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, चैत्र २७ गते, २०८१ साल (संख्या १६


## भाग २

## शिशुवा अस्पताल व्यवस्थापन समिति गठन तथा संचालन कार्यविधि–२०८१

**प्रस्तावनाः–** पोखरा महानगरपालिका अन्तर्गत रहेको शिशुवा अस्पतालको व्यवस्थापनलाइ दुरूस्त बनाइ अस्पतालबाट प्रदान गरिने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवालाई थप पारदर्शी, सहज, सुलभ, विश्वसनीय तथा गुणस्तरीय बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (ख) ले दिएको अधिकार प्रयोग गरी पोखरा महानगरपालिका नगर कार्यपालिकाले शिशुवा अस्पताल व्यवस्थापन समिति गठन तथा संचालन कार्यविधि-२०८१जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "शिशुवा अस्पताल व्यवस्थापन समिति गठन तथा संचालन कार्यविधि-२०८१" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "महानगरपालिका" भन्नाले पोखरा महानगरपालिकालाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले पोखरा महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "प्रमुख" भन्नाले पोखरा महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।

(घ) "शहरी योजना आयोग" भन्नाले शहरी योजना आयोग गठन तथा सञ्चालन सम्बन्धी नियमावली २०७४ अनुसार गठित आयोगलाई सम्झनु पर्दछ।

(ङ) "महाशाखा" भन्नाले पोखरा महानगरपालिकाको स्वास्थ्य महाशाखालाई सम्झनु पर्दछ।

(च) "अस्पताल" भन्नाले पोखरा महानगरपालिका वडा नम्बर ३० मा रहेको शिशुवा अस्पताललाई सम्झनु पर्दछ।

(छ) "समिति" भन्नाले शिशुवा अस्पताल व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ज) "अध्यक्ष" भन्नाले शिशुवा अस्पताल व्यवस्थापन समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

(झ) "सदस्य" भन्नाले शिशुवा अस्पताल व्यवस्थापन समितिको सदस्य लाई सम्झनु पर्दछ।

(ञ) "सदस्य सचिव" भन्नाले शिशुवा अस्पताल व्यवस्थापन समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ।

(ट) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेश सरकारको स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## उद्देश्य, समिति गठन तथा बैठक सम्बन्धी व्यवस्था

३. **उद्देश्य :** (१) यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम हुनेछनः-

(क) अस्पतालको व्यवस्थापनलाई चुस्तदुरूस्त तथा प्रभावकारी बनाउनु,

(ख) अस्पतालको नियमित सेवालाइ सहज तुल्याउनु,

(ग) अस्पतालबाट प्रवाह गरिने सेवालाई थप गुणस्तरीय एवं प्रभावकारी बनाउनु,

(घ) अस्पतालको नियमित सञ्चालन, रेखदेख, मर्मत तथा उचित व्यवस्थापन गर्नु,

(ङ) अस्पतालको विकासमा निजि क्षेत्रको सहभागिता बढाउनु,

(च) अस्पताल संचालनका लागि आवश्यक पर्ने श्रोत साधनको व्यवस्थापन गर्नु ।

४. <u>**समिति गठन सम्बन्धी व्यवस्था :**</u> (१) अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको अस्पताल व्यवस्थापन समिति गठन गरिनेछ,

(क) प्रमुखले तोकेको एकजना -अध्यक्ष

(ख) अस्पताल रहेको वडाको वडाअध्यक्ष -सदस्य

(ग) महानगरपालिका स्वास्थ्य महाशाखाको प्रमुख -सदस्य

(घ) प्रमुखबाट मनोनित कम्तिमा एक जना महिला सहित स्वास्थ्य विषयविज्ञ दुईजना -सदस्य

(ङ) प्रमुखले नियुक्त गर्ने सम्बन्धित क्षेत्रको अनुभव प्राप्त एवं सामाजिक क्षेत्रमा कार्य गरेको व्यक्तिहरु मध्येबाट नियुक्त हुने ३ जना - सदस्य

(च) शिशुवा अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट -सदस्य सचिव

(२) (क) समितिका मनोनित पदाधिकारीहरुको कार्यकाल ३ बर्षको हुने छ ।

(ख) कुनै कारणवस समितिका अध्यक्ष वा सदस्यको पद रिक्त भएमा तीन महिना भित्र पदपूर्ति गर्नुपर्दछ ।

(३) (क) देहायको योग्यता भएको व्यक्ति समितिको अध्यक्ष पदमा नियुक्तिका लागि योग्य मानिनेछ,

(क) नेपाली नागरिक,

(ख) २५ बर्ष उमेर पुरा भएको,

(ग) कम्तिमा स्नातक तह उत्तिर्ण गरेको,

(घ) सामाजिक तथा स्वास्थ्य क्षेत्र सम्बन्धी अनुभव भएको

(ङ) कुनै पनि फौजदारी अभियोग एवं नैतिक पतन हुने कसुरमा दोषी ठहर नभएको,

(च) सार्वजनिक पदमा वहाल नभएको ।

(ख) देहायको योग्यता भएको व्यक्ति समितिको सदस्य पदमा नियुक्तिका लागि योग्य मानिनेछ,

(क) नेपाली नागरिक,

(ख) २५ वर्ष उमेर पुरा भएको,

(ग) सामाजिक तथा स्वास्थ्य क्षेत्र सम्बन्धी अनुभव भएको

(घ) कुनै पनि फौजदारी अभियोग एवं नैतिक पतन हुने कसुर गरी दोषी ठहर नभएको,

(ङ) सार्वजनिक पदमा वहाल नभएको ।

(५) देहाय बमोजिमको अवस्थामा समितिका अध्यक्ष एवं सदस्यहरुको पदावधि समाप्त भएको मानिनेछ,

(क) मृत्यु भएमा,

(ख) पदबाट राजिनामा दिई स्विकृत भएमा,

(ग) विना सूचना समितिको वैठकमा  लगातार ३ पटक भन्दा बढी अनुपस्थित भएमा,

(घ) अस्पतालको हित विपरित हुने क्रियाकलाप गरेमा,

(ङ) नगर प्रमुखले अध्यक्ष तथा मनोनित सदस्यहरुको हकमा पदबाट हटाउने निर्णय गरेमा,

(च) कुनैपनि फौजदारी अभियोग एवं नैतिक पतन हुने कसुरमा दोषी ठहर भएमा,

(छ) मनोनित पदबाट हटाउनुपूर्व सफाई पेश गर्नका लागि मनासिब माफिकको समय दिईनेछ ।

५. **<u>समिति बैठक सञ्चालन सम्बन्धी व्यवस्था :</u>** (१) समितिको वैठक सञ्चालन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ,

(क) समितिको वैठक कम्तिमा दुई महिनाको एक पटक अनिवार्य र आवश्यकता अनुसार जुनसुकै समयमा बस्न सक्नेछ,

(ख) समितिको वैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

(ग) समितिको बैठक बस्नु भन्दा कम्तिमा एक दिन अगावै सदस्य सचिवले बैठकको एजेण्डा सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।आकस्मिक अवस्था परी बैठक बस्नु परेमा जुनसुकै वेला पनि सूचना गर्न सकिनेछ,

(घ) समितिले आवश्यकतानुसार सम्बन्धित क्षेत्रको विज्ञ वा पदाधिकारी वा व्यक्तिलाइ समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ,

(ङ) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ,

(च) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ,

(छ) सदस्य -सचिवले समितिको बैठकका निर्णयहरू प्रमाणित गरी राख्नुपर्नेछ,

(ज) समितिका पदाधिकारी वा सदस्यहरुले बैठकमा भाग लिए वापत नियमानुसार बैठक भत्ता पाउनेछन् ।

(झ) समितिको वैठकका पेश हुने प्रस्तावहरू मध्ये आर्थिक दृष्टिले महानगरपालिकासंग

जोडिने विषय भएमा वा व्ययभार थपिने भएमा अनिवार्यरूपमा स्वास्थ्य महाशाखा मार्फत महानगरपालिकाको अग्रिम सहमति लिनु पर्नेछ,

(ञ) उपदफा (झ) बमोजिमका विषयहरूमा भएका निर्णयहरू समितिको बैठक बसेको मितिले सात दिनभित्र स्वास्थ्य महाशाखामा पठाउनु पर्नेछ।

**स्पष्टिकरण**: अध्यक्षको अनुपस्थितिमा आकस्मिक अवस्था सृजना भई बैठक बस्नु पर्ने भएमा अध्यक्षको सल्लाहमा समितिको बैठक बस्न सक्नेछ। अध्यक्षको अनुपस्थितिमा बस्ने बैठकको अध्यक्षता समितिका जेष्ठ सदस्यले गर्नेछन्।

## परिच्छेद–३

## समिति तथा पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

६. **समितिको काम, कर्तव्य र अधिकार :** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालको समग्र विकासका लागि सरोकारवालाहरुसँग आवश्यक समन्वय गर्ने,

(ख) अस्पताल र सेवाग्राही बिचमा समन्वयकर्ताको रूपमा काम गर्ने,

(ग) अस्पतालमा आवश्यक पर्ने पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन, उपकरण, सवारी साधन आपुर्ति, अध्ययन अनुसन्धान लगायतका विषयमा आवश्यक श्रोत साधनको व्यवस्था गर्न पहल गर्ने,

(घ) अस्पतालको नियमित सेवालाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक सहयोग समन्वय तथा सहजिकरण गर्ने,

(ङ) अस्पतालबाट प्रदान गरिने सेवाहरुको शुल्क तथा कार्यक्रमहरूको अनुगमन, समिक्षा तथा मुल्याङ्कन गरी आवश्यक सुधार गर्ने,

(च) अस्पतालको बार्षिक प्रतिवेदन प्रकाशनमा सहयोग गर्ने,

(छ) अस्पतालको सेवा शुल्क पुनरावलोकन गर्नु पर्ने देखिएमा सो को प्रस्ताव गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने,

(ज) गरिब, असहाय तथा नेपाल सरकारले निःशुल्क स्वास्थ्य सेवा दिने भनी तोकिएका वर्गका बिरामीलाई निःशुल्क सेवा उपलब्ध गराउने सो बाहेकका विरामीलाई निःशुल्क सेवा वा सहुलियत दिनु पर्ने मनासिब कारण भए मापदण्डहरू बनाई महानगरपालिकाको अग्रिम स्वीकृति लिइ कार्यान्वयन गर्ने गराउने,

(झ) अस्पतालजन्य फोहरमैला व्यवस्थापनको यथोचित प्रबन्ध मिलाउने,

(ञ) अस्पतालको क्षमता, आवश्यकता र औचित्यताको आधारमा आन्तरिक स्रोतको मितव्ययी रुपमा परिचालन गर्ने गराउने,

(ट) अस्पतालबाट प्रदान गरिने सेवा सुबिधाहरूलाई समयानुकुल बनाउन अध्ययन गरी आवश्यक कार्यहरू गर्ने गराउने,

(ठ) अस्पतालको लागि अल्पकालीन तथा दीर्घकालीन नीति, रणानीति, कार्यविधि तथा योजना तर्जुमा गर्न सहयोग गर्ने,

(ड) अस्पतालमा सेवा थप गर्नु पर्ने वा सेवाग्राहीको चाप बढी भै जनशक्ति थप गर्नु पर्ने भए सोका लागि पुष्ट्याई सहित आवश्यक व्यवस्था गर्न स्वास्थ्य महाशाखा मार्फत कार्यपालिकामा पेश गर्ने,

(ढ) अस्पतालका भौतिक सम्पतिहरूको संरक्षण उपयोग तथा मर्मतसंभार गर्ने गराउने,

(ण) महानगरपालिकाबाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने

(त) स्वास्थ्य विमा कार्यक्रम बाट प्राप्त आम्दानी विविध खर्च खातामा दाखिला गरी वार्षिक कार्यक्रम प्रमुख प्रशासकीय अधिकृत बाट स्वीकृत गराई विमा वोर्डको परिपत्रहरुको अधिनमा रही जनशक्ति व्यवस्थापन लगायतका अन्य कार्य गर्ने गराउने ।

(थ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने, गराउने ।

७. **<u>समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :</u>** (१) अध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको विस्तार एवं गुणस्तरीय स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने स्रोत, साधन जुटाउन पहल गर्ने,

(ख) नेपाल सरकार, गण्डकी प्रदेश सरकार, महानगरपालिका, समुदाय, सहयोगी संस्था र अन्य सम्बन्धित सरोकारवालाहरूसंग आवश्यक समन्वय र सहकार्य गर्ने,

(ग) प्रचलित कानूनको अधिनमा रही अस्पतालको विकास, सञ्चालन तथा व्यवस्थापनको आवश्यक व्यवस्था गर्ने, गराउने,

(घ) समितिको बैठक राख्ने र बैठकको अध्यक्षता गर्ने,

(ङ) बैठकमा मत बराबर भएमा निर्णायक मत दिने,

(च) अस्पतालको निरीक्षण गरी अस्पतालको सेवाप्रवाह सम्बन्धमा सेवाग्राहीको गुनासो सम्बोधन गर्ने, गराउने,

(छ) वार्षिक कार्यक्रम तथा बजेट तयार गर्न लगाई स्वीकृत गराउनका लागि महानगरपालिका समक्ष पेश गर्ने,

(ज) महानगरपालिकाको प्रचलित नीति तथा कानुनसंग तालमेल हुने गरी अस्पताल संचालनका लागि आन्तरिक नीति, नियम तथा योजना बनाइ कार्यान्वयन गर्ने,

(झ) अस्पतालबाट प्रदान गरिने सेवाहरूको अनुगमन मुल्याङ्कन गरी पृष्ठपोषण गर्ने,

(ञ) नेपाल सरकार तथा विद्यमान कानुनले निःशुल्क व्यवस्था गरेको बाहेकका सेवाहरूका लागि शुल्क निर्धारण गर्ने, गराउने,

(ट) अस्पतालको आवश्यकता पहिचान गरी थप गर्नुपर्ने भौतिक संरचना तथा सम्पत्तिहरूको व्यवस्थापन गर्ने, गराउने,

(ठ) अस्पतालका भौतिक संरचना तथा सम्पत्तिहरूको समूचित प्रयोग गर्ने व्यवस्था मिलाउने तथा मर्मत, संभार तथा संरक्षणको व्यवस्था मिलाउने,

(ड) अस्पतालवाट प्रदान गरिएका सेवाहरूको सामाजिक परिक्षण गराई सेवाको प्रभावकारिता बढाउने तथा सेवाहरूको उपलब्धताबारे जनचेतना जगाउने कार्यहरू गर्ने, गराउने,

(ढ) समितिबाट सेवा करारमा लिईएका कर्मचारीहरूको पारिश्रमिक प्रस्ताव गर्ने, प्रोत्साहन गर्ने तथा आवश्यकता अनुसार क्षमता अभिवृद्धि सम्बन्धि व्यवस्था गराउने,

(ण) नेपाल सरकार, प्रदेश सरकार तथा महानगरपालिकाबाट प्राप्त नीति, नियम, निर्णय, निर्देशन तथा समितिका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(त) अस्पताल तथा वरिपरीको सरसफाई गर्न लगाउने एवं फोहरमैला बिसर्जनको उचित प्रवन्ध मिलाउने,

(थ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने, गराउने ।

(२) सदस्य सचिवको काम, कर्तव्य र अधिकारः सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको सदस्य सचिवको रुपमा कार्य गर्ने,

(ख) अस्पतालको सेवा प्रभावकारी रुपमा व्यवस्थापन तथा सञ्चालन गर्ने, गराउने,

(ग) समितिको निर्णयहरू प्रमाणिकरण गर्ने, अभिलेखिकरण गर्ने तथा कार्यान्वयन गर्ने, गराउने,

(घ) अस्पतालको भौतिक सम्पत्तीको थप, मर्मत, सुधार, संरक्षण, सुरक्षा एवं आवश्यक रेखदेख गर्ने, गराउने,

(ङ) अध्यक्षसँगको समन्वयमा बैठकको एजेण्डा तयार गरी बैठक बोलाउने,

(च) अस्पतालको प्रशासकिय प्रमुखको रूपमा अस्पताल संचालनसंग सम्बन्धित दैनिक प्रशासनिक कार्यहरू गर्ने, गराउने,

(छ) मासिक रूपमा प्रतिवेदन तयार गरी eHIMS मा प्रविष्ठ गराउने तथा महानगरपालिका समक्ष पेश गर्ने,

(ज) वार्षिक कार्य योजना तथा बजेट निर्माण गर्ने, समितिसंग स्वीकृत गराई कार्यान्वयन गर्ने गराउने,

(झ) कर्मचारीहरूको जिम्मेवारी तोक्ने, कार्ययोजना निर्माण गर्न लगाई स्वीकृत गर्ने,

(ञ) कार्ययोजना अनुरूप कार्य भए नभएको एकिन गर्ने, अनुगमन सुपरिवेक्षण गरि पृष्ठपोषण गर्ने,

(ट) सरोकारवाला व्यक्ति तथा निकायहरूसंग समन्वय तथा सहकार्य गर्ने,

(ठ) अस्पतालबाट प्रदान गरिने सेवाहरू वापत लिईने शुल्क निर्धारणका लागि समिति समक्ष प्रस्ताव पेश गर्ने,

(ड) अस्पतालबाट प्रदान गरिने सेवाहरू थप प्रभाबकारी रूपमा सञ्चालन गर्न आवश्यक जनशक्ति व्यवस्थापन, शिप विकास, दक्षता अभिवृद्धि, अध्ययन अनुसन्धान सम्बन्धि कार्यहरू गर्ने, गराउने,

(ढ) लेखा परिक्षणबाट औल्याईएका बेरूजु सम्बन्धमा आवश्यक प्रमाणका आधारमा गर्नु पर्ने कार्यहरू गर्ने, गराउने,

(ण) अस्पतालसंग सम्बन्धित गुनासो सम्बोधनका लागि उचित प्रबन्ध मिलाउने,

(त) तोकिए बमोजिमका अन्य कार्यहरू तथा प्राप्त निर्देशनहरू बमोजिमका कार्यहरू गर्ने, गराउने,

(थ) अस्पतालका मेडिकल सुपरिटेन्डेन्टले गर्ने भनि तोकिएका कार्यहरू गर्ने, गराउने ।

(३) समितिका सदस्यहरूको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) समितिको बैठकमा नियमित उपस्थित हुने,

(ख) अस्पतालको दैनिक कार्यहरूमा आवश्यकता अनुसार सहयोग गर्ने,

(ग) अस्पतालका भौतिक सम्पतिहरूको रेखदेख गर्ने,

(घ) अस्पताल तथा परिसरको सरसफाईमा सहयोग गर्ने,गराउने,

(ङ) समितिका अध्यक्षले लगाएका अन्य कार्यहरू गर्ने,गराउने,

(च) अस्पतालको विकासका लागि राय सुझाब समितिको बैठकमा पेश गर्ने,

(छ) अस्पतालबाट प्रदान गरिने सेवाहरूको बहस पैरबी गर्ने,

(ज) सेवाग्राहीहरूको अस्पताल प्रतिको धारणा, गुनासोहरू बुझी समितिमा पेश गर्ने,

(झ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद-४

## विविध

८.

(क) सामान्यतया समितिको अधिकार हस्तान्तरण हुने छैन।

(ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त अधिकारहरु अस्पतालको बजेट तथा कायर्क्रम स्वीकृत गर्ने, अस्पतालको सेवा शुल्क प्रस्ताव गरी स्वीकृतिका लागि महानगरपालिकामा पेश गर्ने बाहेक अन्य अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य सचिव वा सदस्यले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न बाधा पर्ने छैन।

(ग) उपदफा (ख) बमोजिम प्रत्यायोजित अधिकार कुनै निश्चित काम बिशेषमा क्षणिक समयको लागि पटके रूपमा मात्र हुनेछ।

(घ) महानगरपालिकाले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

(ङ) समितिका निर्णयहरू कार्यपालिकाबाट अनुमोदन भए पश्चात मात्र कार्यान्वयन हुनेछ। तर स्वास्थ्य विमा तर्फका कार्यक्रमका लागि कार्यपालिकाको स्वीकृती आवश्यक पर्ने छैन।

(च) संघीय सरकार, प्रदेश सरकार, महानगरपालिका र सोसंग सम्बन्धित निकायहरूका निर्देशन, आदेश, कार्यकारी निर्णयहरू तथा परिपत्रहरू सहितका निर्देशनहरू पालना गर्नु समितिको कर्तव्य हुनेछ।

९. **अभिलेख तथा प्रतिवेदन** (१) **अभिलेख तथा प्रतिवेदन सम्बन्धी व्यवस्था:**

(क) बिरामीको उपचार सम्बन्धी अभिलेख अनिवार्य रूपमा तोकिए बमोजिम राख्नु पर्नेछ।

(ख) उपदफा (क) बमोजिम राखिएको अभिलेख तयार गरी सोही अनुसार विद्युतीय प्रणालीमा वा तोकिए बमोजिम प्रविष्ठ गर्नुपर्नेछ।

(ग) अस्पतालले उपदफा (क) बमोजिमका अभिलेख उतार गरी मासिक प्रतिवेदन प्रत्येक महिनाको सात गते भित्र महानगरपालिका स्वास्थ्य महाशाखा समक्ष पेश गर्नुपर्नेछ।

(घ) मन्त्रालय, महानगरपालिका वा स्वास्थ्य महाशाखाले कुनै पनि सेवाको आंशिक वा पूर्ण विवरण माग गरेमा तत्काल उपलब्ध गराउनुपर्नेछ।

१०. **<u>सम्बन्ध, सहकार्य तथा समन्वय</u>** (१) सम्बन्ध, सहकार्य तथा समन्वय सम्बन्धी व्यवस्था यस प्रकार हुनेछः

(क) समितिले अस्पतालको हितका लागि अन्य सरकारी वा गैरसरकारी निकायसंग सम्बन्ध, समन्वय र सहकार्य गर्न सक्नेछ ।

(ख) अस्पताललाई दीर्घकालिन प्रभाव पर्ने तथा थप दायित्व सृजना हुने विषयहरूमा तथा विदेशी संघ सस्था वा गैरसरकारी निकायसंग सम्बन्ध, समन्वय र सहकार्य गर्दा पोखरा महानगरपालिकासंग अग्रिम स्वीकृति लिनु पर्नेछ ।

११. **<u>खारेजी र बचाउ :</u>**

(क) अस्पताल व्यवस्थापन समिति सम्बन्धि यस अघि गठित कार्यविधि, कार्यकारी आदेश तथा निर्देशिका खारेज गरिएको छ ।

(ख) यो कार्यविधि जारी हुदाँका बखत कार्यान्वयनमा रहेको अस्पताल व्यवस्थापन समितिका पदाधिकारीहरुको पदावधि समाप्त भएमा वा उपदफा (क) बमोजिम पदबाट हटाइएमा वा पदमुक्त भएमा यो कार्यविधि बमोजिमको समिति गठन हुनेछ ।

(ग) उपदफा (ख) बमोजिम अध्यक्षको पद रिक्त भएमा प्रमुखले दुई महिना भित्र मनोनित गर्नेछ । अध्यक्षको पदावधि बाँकी रहदै मनोनित सदस्यको पद रिक्त भएमा उक्त पदमा बाँकी अवधिका लागि मात्र सदस्यको मनोनयन गर्न सकिनेछ ।

(घ) यस कार्यविधि जारी हुनुभन्दा अघि अस्पताल सम्बन्धि भए गरेका कामकारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**प्रमाणीकरण मिति**

२०८१।०८।१४

**आज्ञाले**

**शिवराज चौलागाई**

**प्रमुख प्रशासकिय अधिकृत**